अनुसूचि -२

(दफा ४ तथा अनुसूची-१को भाग २ सँग सम्बन्धित)


मुगुम कार्मारोङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७, संख्याः ३, मितिः २०८०/१२/०७


## भाग-१

## मुगुम कार्मारोङ गाउँपालिका

### अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि (पहिलो संशोधन) कार्यविधि,२०८०

**प्रस्तावनाः**

अपाङ्गता भएका नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा उनीहरुको ज्ञान,सीप र अनुभवको सदुपयोग गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम सुविधाको उचित व्यवस्थापन गर्न अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा (३)१ बमोजिम मुगुम कार्मारोङ गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८०।१२।०७ गतेको बैठकले यो कार्यविधि बनाएको छ।

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि (पहिलो संशोधन) कार्यविधि,२०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि,२०७६ को दफा ६ मा संशोधनः- (१) अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि,२०७६ (यस पछि मुल कार्यविधि भनिएको) दफा ६ को उपदफा १ मा देहाय बमोजिमको ख१ थप गरिएको छ।

(ख१) गाउँपालिकाले तोकेको चिकित्सक

आज्ञाले
मुक्ति नन्द रावल
प्रमुख प्रशासकीय अधिकृत